प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

# सहकार्यमा दुध पाउडर प्लान्ट निर्माण कार्यविधि, २०७६

प्रस्तावना: अधिकतम दुध उत्पादन भएको समयमा दुधलाई प्रशोधन गरी मिल्क होलिडे समस्यालाई निराकरण गर्न, दुधलाई लामो समयसम्म संरक्षण गरी अभावको बेलामा दुधको खपत बढाउन र उत्पादित दूधको विविधिकरण गरी बजारिकरणमा टेवा पुऱ्याउन पाउडर प्लान्ट निर्माण आवश्यक भएकाले सहकार्यमा दुध पाउडर प्लान्ट निर्माण कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"सहकार्यमा दुध पाउडर प्लान्ट निर्माण कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम **"सहकार्यमा दुध पाउडर प्लान्ट निर्माण कार्यविधि, २०७६"** रहने छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुन ईच्छुक भई आवेदन दिने दुध विकास संस्थान/ सहकारी/ निजि क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको दुध पाउडर प्लान्ट निर्माण सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले छनौट भई कार्यक्रम सञ्चालनार्थ द्विपक्षीय सम्झौता गरिएको दुध विकास संस्थान/ सहकारी/ निजि क्षेत्र सम्झनु पर्छ ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विविधिकरण मार्फत पाउडर दुध उत्पादन गरी बजारिकरणमा टेवा पुऱ्याउने,

(ख) दूध तथा दूग्धजन्य पदार्थको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउने,

(ग) दुध आपूर्ति अभावको बेला दुधको मागलाई पुरा गर्ने।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | सयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

नोटः समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) मूल्याङ्कनको आधारहरु विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report ) मा उल्लेख भए बमोजीमको हुनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) प्राविधिकवाट स्थलगत निरीक्षण गराउने,

(ख) सुचाङ्क तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने,

(ग) मूल्याङ्कन सम्वन्धि आवश्यक अन्य कार्य गर्ने/ गराउने ।

५. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् । कार्यक्रम कार्यान्वयनको चरणमा परामर्शदातावाट पनि तेस्रो पक्ष अनुगमन मूल्याङ्कन गर्न सकिनेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. कार्यक्रम सञ्चालनः (१) यो कार्यक्रम मकवानपुर जिल्लामा सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई थप क्षमता विस्तारका लागि आगामी बर्षमा पनि निरन्तरता दिईने छ ।

(२) आवश्यकता र औचित्यताको आधारमा आगामी आ.व.हरुमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. विस्तृत परियोजना प्रतिवेदनः साझेदारिमा दुध प्रशोधन कारखाना स्थापना कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report (DPR)) निर्देशनालयवाट परामर्शदाता मार्फत तयार गरिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

८. <u>परामर्श दाताको छनौटः</u> सूचिकृत मध्येबाट उपयुक्त परामर्श दाता छनौट गरी DPR निर्माणको लागि निर्देशनालयले सम्झौता गर्नेछ । सम्झौता भएको ६० दिन भित्र परामर्श दाताले DPR तयार गरी निर्देशनालयमा बुझाउनु पर्नेछ ।

९. <u>टी.ओ.आर. तयार गर्नेः</u> DPR तयार गर्नको लागि परामर्श दाताको Terms of Reference (ToR) निर्देशनालयले तयार गर्नेछ । यसरी DPR तयार गर्दा प्रदेश सरकारको अनुदानबाट स्थापना हुने दुध प्रशोधन कारखानाबाट कृषकहरुले पाउने थप सेवा र सुविधाहरुको बारेमा स्पष्ट उल्लेख गरिनेछ ।

१०. <u>डि. पि. आर. मसौदामा छलफलः</u> परामर्श दाताले तयार गरेको (Detailed Project Report (DPR)) लाई निर्देशनालयले विभिन्न सरोकारवाला तथा विज्ञहरुसँग छलफल गरी थपघट गर्न सक्नेछ ।

११. <u>प्रस्ताव आह्वानः</u> Final DPR तयार भएपछि निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा DPR मा व्यवस्था भए वमोजिम ३० दिने सूचना प्रकाशन गरी ईच्छुक दुध विकास संस्थान/ सहकारी/ निजि क्षेत्रलाई लक्षित गरी प्रस्ताव आह्वान गर्नेछ । सूचना प्रकाशनको ढाचाँ स्वीकृत DPR मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. <u>प्रस्ताव दर्ताः</u> दुध विकास संस्थान/ सहकारी/ निजि क्षेत्रले प्रस्ताव पेश गर्दा Final DPR मा माग गरिएको विवरणलाई मध्यनजर राख्दै प्राविधिक दृष्टिकोणले उपयुक्तताका आधारमा औचित्यपूर्ण प्रस्ताव निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. <u>प्रस्ताव सङ्कलनः</u> सम्बन्धित कार्यालयले दर्ता भएका प्रस्तावहरु सङ्कलन गरी यथाशिघ्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

१४. <u>साझेदार संस्थाको छनौटः</u> (१) मूल्याङ्कन समितिले स्थलगत निरीक्षण तथा निश्चित सूचकहरुको आधारमा प्रस्तावहरुको मुल्याङ्कन गरी छनौटका लागि सिफारीस गरिनेछ ।

(२) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(३) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१५. <u>सम्झौताः</u> (१) छनौट भएका आवेदकलाई सम्झौता गर्न आउन १५ दिनको समयावधि दिई निर्देशनालयले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने आवेदकसँग निर्देशनालयले प्रचलित कानून तथा स्वीकृत DPR मा व्यवस्था भए अनुसार सम्झौता गर्नु पर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१६. DPR मा उल्लेख भए अनुसार साझेदारीमा दुध पाउडर प्लान्ट निर्माणका लागि आवश्यक पर्ने न्युनतम क्रियाकलापहरू समेटिने गरी सम्झौतामा उल्लेख गरिने छ । सोही बमोजिम बढिमा पचास प्रतिशत अनुदान रकम उपलब्ध गराईने छ ।

१७. DPR निर्माणको लागि यस शिर्षकमा विनियोजन भएको रकम रु. ५० लाखबाट बढीमा २० लाख रुपैयाँ खर्च गर्न सकिनेछ । DPR प्राप्त प्रश्चात निर्देशनालयले रकमको एकमुष्ठ भुक्तानी बैंक मार्फत दिन सक्नेछ ।

१८. सहकार्य गर्ने संस्थाले आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालयले स्थलगत निरिक्षण गरी मनासिब देखेमा सम्पन्न भएको कामको १ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरि भुक्तानी दिनेछ ।

१९. सहकार्य गर्ने संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

२०. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

२१. <u>सहकार्य गर्ने संस्थाले पालना गर्नुपर्ने विषयहरु</u> (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) पचास प्रतिशत लागत सहकार्यमा दुध पाउडर प्लान्ट निर्माण गर्न सहकार्य गर्ने संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका सहकार्य गर्ने संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए सहकार्य गर्ने संस्थाको लगानीकर्ताको वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यता, सम्भाव्य स्थलको फोटो र कच्चा पदार्थको उपलब्धताको अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ।

(घ) सहकार्य गर्ने संस्थाले दुध प्रशोधन कारखाना स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/ नियम पालन गरेको हुनु पर्नेछ ।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(च) कर चुक्ता गरेको हुनु पर्नेछ ।

(छ) विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहिमा नपरेको हुन पर्नेछ ।

(ज) अनुदान प्राप्त पश्चात कम्तिमा ७ बर्षसम्म परियोजना निरन्तर सञ्चालन हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

२२. **प्रगति प्रतिवेदनः** (१) सहकार्य गर्ने संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२३. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री